# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, असार ४ गते २०५८ साल (संख्या ९

## भाग ३

श्री ५ को सरकार

### भूमि सुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सर्लाही जिल्लामा आगामी आर्थिक वर्ष २०५८।०५९ देखि ५ नं. नापी गोश्वाराबाट जग्गा नापजाँच गर्ने गराउनका लागि यो आदेश जारी गरेको छ ।

आज्ञाले,

केशवराज राजभण्डारी

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले राजश्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी लेखा समूह रा.प. द्वितीय श्रेणीका श्री दयानाथ शर्मालाई राजश्व न्यायाधिकरण काठमाडौंको लेखा सदस्य पदमा तोकेको छ ।

आज्ञाले,

कुलरत्न भूर्तेल

श्री ५ को सरकारको निमित्त सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

985

# भाग ४

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारको मिति २०५७ चैत्र ३ को निर्णयानुसार नेपाल न्याय सेवा सरकारी वकील समूहका रा.प. द्वितीय श्रेणीका देहाय बमोजिमका अधिकृतलाई मिति २०५७ पौष १५ देखि बढुवा मिति कायम हुने गरी सोही सेवा समूहको राजपत्रांकित प्रथम श्रेणीको पदमा बढुवा गरी देहाय बमोजिमको पद र कार्यालयमा पदस्थापन गरिएको छ।

| क्र.सं. | नाम, हालको पद र कार्यालय | बढुवा पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|
| १. | श्री राजेन्द्रकुमार पोखरेल, उप-न्यायाधिवक्ता पुनरावेदन सरकारी वकील कार्यालय, विराटनगर। | सह-न्यायाधिवक्ता, पुनरावेदन सरकारी वकील कार्यालय, धनकुटा। |

### सूचना २

श्री ५ को सरकारको मिति २०५७ चैत्र ३ को निर्णयानुसार नेपाल न्याय सेवा, न्याय समूहका रा.प. द्वितीय श्रेणीका देहाय बमोजिमका अधिकृतहरूलाई मिति २०५७ पौष १५ देखि बढुवा मिति कायम हुने गरी सोही सेवा समूहको राजपत्रांकित प्रथम श्रेणीको पदमा बढुवा गरी देहाय बमोजिमको पद र कार्यालयमा पदस्थापन गरिएको छ।

| क्र.सं. | नाम, हालको पद र कार्यालय | बढुवा पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|
| १. | श्री नारायणप्रसाद पोखरेल उप-रजिष्ट्रार, पुनरावेदन अदालत, बुटवल। | रजिष्ट्रार, पुनरावेदन अदालत, बुटवल। |
| २. | श्री भोजराज शर्मा, उप रजिष्ट्रार पुनरावेदन अदालत, जुम्ला। | रजिष्ट्रार, पुनरावेदन अदालत, दिपायल। |

### सूचना ३

श्री ५ को सरकारको मिति २०५७ असौ ५ को निर्णयानुसार नेपाल न्याय सेवा, न्याय समूहको राजपत्रांकित द्वितीय श्रेणीको पदमा देहायका व्यक्तिलाई एक



९५० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बर्षको परीक्षणकालमा रहने गरी मिति २०५७ भदौ ५ देखि लागू हुने गरी नियुक्ति गरी देहाय बमोजिम पदस्थापन गरिएको छ ।

| क्र.सं. | नाम, थर | पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|
| १. | श्री कविप्रसाद न्यौपाने<br>जि. काभ्रेपलान्चोक देवपुर–४ | वरिष्ठ ईजलास सहायक<br>पुनरावेदन अदालत पाटन । |

आज्ञाले,
विश्वमंगल आत्रेय
उपसचिव

## नेपाल अधिराज्यका
## महालेखा परीक्षकको बिभागको सूचना

महालेखा परीक्षकले श्री ५ को सरकारको स्वीकृति बमोजिम लेखापरीक्षण सेवा, राजपत्रांकित प्रथम श्रेणीका देहायका नायव महालेखा परीक्षकलाई मिति २०५७ साल चैत्र २७ देखि जेष्ठता कायम हुने गरी सोही सेवाको राजपत्रांकित विशिष्ठ श्रेणीको उपमहालेखा परीक्षक पदमा बढुवा नियुक्ति गरी यस विभागमा पदस्थापन गरेको छ ।

१. श्री पदम दयाल वादे श्रेष्ठ

२. श्री कृष्णप्रसाद न्यौपाने

आज्ञाले,
दिवाकरप्रसाद भट्टराई
उपमहालेखा परीक्षक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
929

## भूलसुधार

खण्ड ५१ मिति २०५८।२।१ संख्या ५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित कम्पनी ऐन, २०५३ बमोजिम तोकिएको ढाँचा सम्बन्धी यस मन्त्रालयको सूचनामा देहाय बमोजिम हुनु पर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छः–

१. प्राइभेट लिमिटेडको नियमावलीको,

(क) नियम १० को उप-नियम (४) को पहिलो हरफमा नियम ११ हुनुपर्ने ।

(ख) नियम ११ को प्रतिवन्धात्मक वाक्यांशको पहिलो हरफमा नियम १० को उपनियम (४) हुनु पर्ने ।

(ग) नियम १४ को पहिलो हरफमा नियम १३ हुनु पर्ने ।

(घ) नियम २१ को उप-नियम (४) को पहिलो हरफमा उप-नियम (३) हुनु पर्ने ।

२. लिमिटेडको नियमावलीको,

(क) नियम १० को उपनियम (४) को पहिलो हरफमा नियम ११ हुनु पर्ने ।

(ख) नियम ११ को प्रतिवन्धात्मक वाक्यांशको पहिलो हरफमा नियम १० हुनु पर्ने ।

(ग) नियम १४ को पहिलो हरफमा नियम १३ हुनु पर्ने ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।

## भूलसुधार

खण्ड ५१ संख्या २ नेपाल राजपत्र भाग ३ मा प्रकाशित संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचनाको पहिलो हरफमा दफा १६ र दोस्रो हरफमा पनि दफा १६ हुनु पर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ ।

मुद्रण विभाग ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
122